म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ३२८ | बुधबार, २५ असार २०८२ | ने. सं. ११४५ दिल्लाथ्व | 9 July 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गोरेटोमा लडेर वृद्धको मृत्यु

हेटौंडा, २४ असार/मकवानपुरको थाहा नगरपालिका-६ बज्रबाराही पोखरीडाँडास्थित गोरेटो बाटोमा लडेर एक वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा थाहा नगरपालिका-१ कुन्छालका ६२ वर्षीय कृष्ण गोपाली रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, उनी बिहान दूध बेच्न बज्रबाराही बजार गएका थिए र फर्कने क्रममा गोरेटो बाटोबाट करिब १० मिटर तल लडेरका थिए ।

लडेर शरीरका विभिन्न भागमा चोट लागेको उनको घटनास्थलमै मृत्यु भएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । उनी घरदेखि झन्डै २ किलोमिटर दक्षिणतर्फ रहेको आफ्नै गोठमा बस्दै आएका थिए । इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरीनिरीक्षक सबिनबाबु अर्याल नेतृत्वको टोली घटनास्थलमा खटिएको र घटनाको थप अनुसन्धान भइरहेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

### नुवाकोट-रसुवाको बाढी प्रभावित क्षेत्र निरीक्षणमा मुख्यमन्त्री लामा

# १८ जना बेपत्ता, चीनसँगको व्यापारिक सम्बन्ध विच्छेद

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले नुवाकोट-रसुवाका बाढीबाट भएको क्षतीको स्थलगत निरीक्षण गरेका छन् ।

अबिरल वर्षापछि रसुवामा आएको बाढीका कारण जनधनको क्षति भएको समाचार सार्वजनिक भएपछि मुख्यमन्त्री लामा प्रभावित क्षेत्रमा निरीक्षणका लागि पुगेका हुन् । नुवाकोटका स्थायी बासिन्दासमेत रहेका मुख्यमन्त्री लामासँग सुरक्षा निकायका प्रमुख तथा स्थानीय प्रशासनका प्रतिनिधि पनि टोलीमा सहभागी थिए । स्थानीय प्रशासन र सुरक्षा निकायसँग समन्वय गर्दै मुख्यमन्त्री लामाले नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर तत्काल राहत तथा उद्दार कार्य अघि बढाउन निर्देशन दिए । हालको अवस्थामा राहत वितरण सहज नभएको भन्दै उनले नागरिकलाई सुरक्षित स्थानमा सार्न प्रहरी प्रशासनलाई सक्रिय रहन निर्देशन दिए ।

मुख्यमन्त्री लामाले प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत् संघीय सरकारको गृह मन्त्रालय र विपद् व्यवस्थापन प्राधिकरणसँग समन्वय भइरहेको जानकारी दिए । उनका अनुसार बाढीका कारण रसुवागढी हाइड्रो, त्रिशुली हाइड्रोपावरसहित विभिन्न संरचनामा क्षति पुगेको छ भने केही सर्वसाधारण हराइरहेका छन् । प्रदेश सरकारले स्रोतसाधन जुटाएर उद्दार र राहतमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री लामाले विपद् व्यवस्थापनमा सबै निकाय एकजुट भएर लाग्नुपर्ने बताएका छन् ।

भारी वर्षासँगै रसुवाको भोटेकोशीमा आएको बाढीका कारण भएको धनजनको क्षतिप्रति नेपाली काँग्रेस बागमती प्रदेश समितिले दु:ख व्यक्त गरेको छ । नेपाली काँग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले मंगलबार विज्ञप्ती जारी गर्दै घटनामा उद्दार र राहतका साथै थप मानवीय भौतिक क्षति हुनबाट रोक्नका लागि सबै क्षेत्रबाट यथाशीघ्र खटिन आग्रह गरेका हुन् ।

### विपत् प्रतिकार्यमा जुट्न प्रदेश प्रमुखको अपिल

यसैबीच बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले मंगलबार प्रेस विज्ञप्ती जारी गर्दै सबैलाई सचेत रहन र सहयोग गर्न अपिल गरेका छन् ।

बेपत्ता, निधन र भौतिक संरचनाको अपूरणीय क्षतीको खबरले आफू स्तब्ध भएको उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले यस्तो अपिल गरेका हुन् । 'यो विपदको समयमा पीडित एवम् प्रभावितलाई सहायता गर्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सरकारी तथा गैरसरकारी संघसंस्था, रेड्क्रस लगायत परोपकारी निकायलाई उद्दारमा जुट्न र तयारी अवस्थामा रहन विशेष अनुरोध गर्दछु' उनले सार्वजनिक गरेको अपिलमा भनिएको छ । नेपालको विभिन्न जिल्लामा अहिले पनि वर्षा जारी छ ।



मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर आंशिकदेखि साधारणतया बदली रहने र बागमती प्रदेशलगायतमा मेघगर्जन/चट्याङ सहित वर्षाको सम्भावना रहेको उल्लेख छ । विपदबाट बच्नको लागि आफू सचेत रहन र अरुलाई सहायता गर्न सबैमा उनले अनुरोध गरे । यस्तो जोखिमको बेला नदी तटीयक्षेत्रमा बसोबास नगर्न, बाढीले बगाएर ल्याएको काठ, दाउरा बटुल्न नजान र अरु गएमा रोकेर संभावित जोखिम कम गर्न सबैमा अनुरोध छ । 'यो दु:खद घडीमा आ आफ्नो तर्फबाट विपत् प्रतिकार्यमा जुट्न सबैमा आह्वान गर्दछु । उद्दार र राहत कार्यमा कुनै कमी हुन नदिन सम्बन्धित निकायलाई हार्दिक आग्रह गर्दछु' उनले भने ।

### उद्दार र राहतमा खटिन काँग्रेसको आग्रह

बाढीबाट प्रभावित रसुवा लगायत प्रभावित क्षेत्रका नेपाली कांग्रेस पार्टीका स्थानीय, क्षेत्रीय, जिल्ला, प्रदेशतहका विभिन्न जिम्मेवारीमा रहेका भातृ तथा शुभेच्छुक संगठनका नेता तथा कार्यकर्तालाई सम्वर्क बिहिनको खोजी, प्रभावितको उद्दार र राहतमा यथाशीघ्र खटिन काँग्रेस बागमती प्रदेशले निर्देशनसमेत दिएको छ ।

राहतमा खटिएका तीनै तहका सरकारी संयन्त्रलाई विशेष सहयोग गर्दै बाढीमा परेका र पर्नसक्ने थप जोखिमका क्षेत्रको पहिचान गर्दै सुरक्षित क्षेत्रमा स्थानान्तरण गराउने कार्यमा लाग्न काँग्रेसले सबै कार्यकर्तामा निर्देशन जारी गरेको हो । प्राकृतिक प्रकोपमा परी जीवन गुमाएकाहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा काँग्रेसले समवेदना प्रकट गरेको छ । घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

### १८ जना बेपत्ता, चीनसँगको व्यापारिक सम्बन्ध विच्छेद

रसुवामा बाढीमा परी हराइरहेका १८ जनाको खोजी भइरहेको छ । नेपालरचीनको सीमानामा रहेको ल्हेन्दे खोलामा आएको बाढीका कारण १८ जना सम्पर्कविहीन भएका हुन् । हराउनेमा छ जना नेपाली कामदार, छ जना चिनियाँ कामदार, तीनजना प्रहरी र तीनजना गाडीचालक रहेका जिल्ला प्रशासन कार्यालय रसुवाले जनाएको छ ।

बाढीपहिरोले रसुवागढी नाका हुँदै भइरहेको चीनसँगको व्यापारिक सम्बन्ध विच्छेद भएको छ । चीनबाट आएको बाढीले चीन-नेपाल जोड्ने ब्यापारिक नाका र सुवागढीको मितेरी पुल बगाएसँगै ब्यापारिक सम्बन्ध तत्काललाई टुटेको छ भने अर्बौंको ब्यापार प्रभावित हुने देखिएको छ ।

## मकवानपुर पूर्णखोप सुनिश्चित जिल्ला घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ पूर्णखोप निर्देशिका अन्तर्गतका सम्पूर्ण प्रक्रिया पूरा गर्दै मकवानपुर जिल्लाले पूर्णखोप सुनिश्चितता तथा दिगोपना प्रमाणिकरण प्राप्त गरेको छ ।

जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालयको समन्वयमा आयोजित विशेष समारोहमा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सरोकारवाला निकायको उल्लेखनीय सहभागिता रहेको थियो । प्रदेशसभा सदस्य श्रेष्ठले 'पूर्णखोप, सुरक्षित भविष्य' नारालाई व्यवहारमा उतार्न सबै पक्ष एकजुट भएर लाग्नुपर्ने बताए । स्थानीय स्रोत, स्वामित्व र सहभागिता सुदृढ गर्दै खोप कार्यक्रमको दिगोपना कायम राख्नुपर्ने आवश्यकता रहेको उनको भनाई छ ।

कार्यक्रममा पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम राख्न प्रतिबद्धता व्यक्त गर्दै सहभागी सबै सरोकारवालाले हस्ताक्षर गरेका थिए । यसले जिल्लामा खोप कार्यक्रमको दीर्घकालीन प्रभावकारिता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार जिल्लाका सबै पालिकामा खोपसेवा प्रभावकारीरुपमा सञ्चालित हुँदै आएको छ । आगामी दिनमा अझ सशक्त अनुगमन र सचेतनामूलक अभियानमार्फत खोप कार्यक्रमलाई अझ मजबुत बनाउने तयारी भइरहेको छ ।






साझाकुरा

## हाम्रो कुरा

# सबै सदस्यले पाएको बजेट

प्रदेश सरकार कति निरीह छ भन्ने कुरा सरकारको भनाई र व्यवहारबाट प्रष्ट भएको छ । बजेट निर्माणका क्रममा छुटेका योजना र कार्यक्रम समेटेर तयार पारिएको पूरक प्रस्तावमा एक हजार पाँच सयभन्दा बढी योजना समावेश गरिएको छ । पूरक प्रस्तावमा अर्थविविधको बजेट, दोहोरिएका कार्यक्रम, चालूतर्फको अनुदान, एनजिओमार्फत वितरण गरिएका कार्यक्रम र अनाधिकृतरुपमा समावेश गरिएका योजना कटौती गरेर कार्यान्वयन अघि बढाउने भएको छ । सोमबार बसेको बैठकले अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र विनियोजन विधेयक २०८१ बहुमतले पारित गरेको हो । बैठकले प्रदेश सरकारको बजेटको पुरक प्रस्ताव स्वीकृत गरेको छ । प्रस्तावलाई विनियोजन विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव प्रदेशसभा बैठकले बहुमतले स्वीकृत गरेको हो । बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संसदमा पेस गरेको प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गरियोस् र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई पारित गरियोस् भन्ने प्रस्तावलाई बहुमतले पारित गरेको हो ।

मन्त्री काफ्लेले पेस गरेको प्रस्तावलाई सभामुख भुवनकुमार पाठकले निर्णयार्थ पेस गरेका थिए । बैठकमा प्रदेशसभाका ७ जना सांसदले सरकारको बजेटमा खर्च कटौतीको प्रस्ताव राखेका थिए । संसदमा प्रस्तुत भएको खर्च कटौतीको प्रस्तावलाई सभामुख पाठकले निर्णायार्थ पेस गरेका थिए । प्रस्तावहरु बहुमतले अस्वीकृत भएका थिए । त्यसअघि प्रदेशसभामा सरकारको बजेटमाथि सांसदहरुले आइतबार र सोमबार धारणा राखेका थिए । विभागीय मन्त्रीहरुले बजेटमाथि उठेका प्रश्नको जवाफ दिएका थिए । बजेटको क्रममा उठेका जिज्ञासाको जवाफ दिँदै मुख्यमन्त्री बहादुरसिंह लामाले बजेट निर्माणको क्रममा विचौलियाको प्रवेश नभएको दाबी गरे । यो दाबी मात्र हो । विगतमा पनि यस्तो कुरा उठ्ने गरेको भन्दै मुख्यमन्त्री लामाले विचौलिया प्रवेशको विषयलाई कसैले पनि प्रमाणित गर्न नसकेको दाबी गरे । उनले बजेट निर्माणको क्रममा विचौलिया प्रवेश गराइएको प्रमाणित भए सम्बन्धित मन्त्री र कर्मचारीलाई बर्खास्त गर्ने बताए । मुख्यमन्त्री लामाले प्रदेशसभाको सबै सदस्यले धेरैथोरै बजेट पाएको दाबी गरे । यो कुराले नै स्पष्ट पार्छ कि बजेट सर्वसाधारणका लागि होइन प्रदेशसभा सदस्यका लागि ल्याइएको हो । मुख्यमन्त्री लामाले कुल बजेटमा ८० प्रतिशत संघ सरकारमै निर्भर रहनुपर्ने भएकोले प्रदेशको आयआर्जन वृद्धि गर्नुपर्ने बताए । प्रदेशको समृद्धिको लागि सत्तापक्ष र प्रतिपक्ष एकजुट भएर अगाडि बढ्नुपर्ने उनको भनाई छ ।

पछिल्लो समय व्यवस्थामाथि नै प्रश्न उठिरहेको सन्दर्भमा संघीयता मजबुत हुने गरी प्रदेश सरकारले काम गरिरहेको उनले बताए । यसैगरी बैठकले बागमती प्रदेशको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमाथि देखिएको विवाद समाधानतर्फ अघि बढ्दै गर्दा सरकारले दर्ता गरेको बजेटको पूरक प्रस्ताव पनि पारित भएको छ । बजेटसम्बन्धी विवाद उत्कर्षमा पुगेका बखत सत्तारुढ दलका सांसदले बजेट प्रणाली, सरकारी संरचना र प्रशासनिक व्यवस्थापनमा सुधारको माग सहित सत्तापक्षकै सांसद्बाट दर्ता भएको संकल्प प्रस्ताव प्रदेशसभाबाट सर्वसम्मितले स्वीकृत भएको छ । नेपाली कांग्रेस र नेकपा एमालेका २/२ जना सांसदले दर्ता गरेको प्रस्तावले सरकारको बजेट निर्माण प्रक्रिया, मन्त्रालयको संख्या, आयोग तथा बोर्डहरुको औचित्य, प्रशासनिक संरचना तथा योजनातर्जुमा प्रक्रिया सुधारका लागि संकल्प प्रस्ताव दर्ता गराएका थिए । उनीहरुले प्रदेशको हालको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सुधारको माग गरेका हुन् । बागमती सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को लागि ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको बजेट प्रस्ताव गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २६ गते बिहीबार १० जुलाई २०२५ । पूर्णिमा, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ७:०१ । गुरु पूर्णिमा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नयाँ काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# संवैधानिक इजलासमा सपना प्रधानको आत्मालोचना



✍ राधिका खतिवडा

संवैधानिक इजलासको फैसलाबारे खासै लेख्न मन थिएन । तर सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लको बारेमा भएका अनेक टीकाटिप्पणीले केवल न्यायाधीशको मात्र नभई संविधानले नै व्यवस्था गरेको समग्र स्वतन्त्र एवं सक्षम न्यायापालिकाकै गरिमामा आँच पुऱ्याएको महसुस गरी केही कुरा लेख्दैछु । हुन त म सर्वोच्च अदालतको फैसलाको विश्लेषण गर्ने सामर्थ्य राख्दिनँ । तथापि, एक कानुनको विद्यार्थीको हैसियतमा साधारण नागरिकले बुझ्न सक्ने केही कुरा बुझेकी छु । संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालत हो, जसको व्याख्यामा एकरूपता र संविधानवादको सर्वोच्चता हुनुपर्छ भन्ने मान्यता राखिन्छ ।

हाल संवैधानिक इजलासको फैसलालाई लिएर विभिन्न टीकाटिप्पणी भइरहेका छन्, जसले न्यायपालिकाप्रतिको विश्वास र जनआस्थालाई कमजोर बनाइरहेको छ । न्यायपालिकाको इतिहासमा यस्तो विरलै हुने गर्छ । अदालतमा जब दुई वा बढी न्यायाधीशको संलग्नता इजलास गठन हुन्छ र कुनै मुद्दाको सुनुवाइ हुन्छ, त्यहाँ सबै मुद्दामा सबै न्यायाधीशको बुझाइ एउटै हुन्छ भन्ने छैन । सबैको राय एकै हुन्छ भन्ने छैन । त्यहाँ मुद्दाअनुसार फरकफरक राय आउन सक्छन् । धेरै पटक छलफल हुन सक्छन् । अन्त्यमा निर्णय गर्दा सबै एउटै रायमा सहमत हुन पनि सक्छन्, नहुन पनि सक्छन्।

यसरी राय बाझिएको अवस्थामा बहुमतको आधारमा निर्णय हुन्छ, हालै संवैधानिक इजलासबाट भएको ५२ जना संवैधानिक पदाधिकारीको नियुक्तिसम्बन्धी विवादमा भएको निर्णय पनि त्यही अनुसारको निर्णय हो । जसमा न्यायाधीशहरूले फरकफरक राय राख्नुभएको छ, जुन कानुनसम्मत मानिन्छ । हाल संवैधानिक इजलासबाट भएको फैसलामा २६ वैशाख २०७८ मा संवैधानिक परिषद्बाट सिफारिस भई १० असार २०७८ मा नियुक्त भएका २० पदाधिकारीका हकमा नियुक्ति बदर गर्नुपर्ने रिट खारेज गर्न संवैधानिक इजलासका ५ जना न्यायाधीशमध्ये ५ जना नै न्यायाधीशको राय एकमत अर्थात् सर्वसम्मत निर्णय भएको पाइन्छ ।

३० मंसिर २०७७ मा संवैधानिक परिषद्बाट सिफारिस भई मिति २१ माघ २०७८ मा नियुक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखसहित ३२ जना पदाधिकारीका हकमा नियुक्ति बदर गर्नुपर्ने रिट खारेज गर्न वरिष्ठतम न्यायाधीशसहित ३ जना न्यायाधीश एकमत भएको तर सम्माननीय प्रधानन्यायाधीशसहित २ जना नियुक्ति बदरका पक्षमा रहेको देखिन्छ ।

सरल रूपमा सोझो अर्थमा के बुझ्न सकिन्छ भने, एउटै अध्यादेशको आधारमा उही गणपुरक संख्यामा उपस्थित (उही प्रधानमन्त्री, उही प्रधानन्यायाधीश र उही राष्ट्रिय सभाको अध्यक्ष) संवैधानिक परिषद्को बैठकले सिफारिस गरेको नियुक्ति २०७८।०१।२६ को सिफारिस कानुनसम्मत हुने र २०७७।०८।३० को नियुक्ति सिफारिस कानुनसम्मत नहुने भन्ने कसरी ठिक होला । अर्को कुरा, दुवै सिफारिसपश्चात् संसदीय सुनुवाइ नभई नै नियुक्ति भएका हुन् ।

मेरो बुझाइमा कहिलेको कुन नियुक्ति भयो भन्दा पनि एउटै विधि र प्रक्रियाअनुसार नियुक्तिका लागि सिफारिस भएको २०७८।०१।२६ को निर्णय सदर गर्न संवैधानिक इजलासको ५ जना नै न्यायाधीशको राय एकमत हुने अर्थात् सर्वसम्मत निर्णय हुने तर सोही विधि र प्रक्रियाअनुसार संवैधानिक परिषद्का उही अध्यक्ष र उही सदस्यहरू उपस्थित संवैधानिक परिषद्बाट भएको नियुक्ति सिफारिसको २०७७।०८।३० को निर्णय चाहिँ सदर नहुने भन्ने कुरा न्यायोचित नदेखी वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लसहित ३ जना न्यायाधीशको बहुमतले निर्णय भएको देखिन्छ ।

अर्को कुरा, संवैधानिक पदाधिकारी नियुक्तिसम्बन्धी विवादको विषयमा मिति २०७८।०१।२६ को सिफारिसबमोजिम नियुक्तिको विषयमा संवैधानिक इजलासले सर्वसम्मत (५ जनामा ५ जनाको एकमत) निर्णय गरेको छ । तर पनि किन धेरैजसो सञ्चार माध्यममा ५ जनामध्ये ३ जनाले सदर गरेको २ जनाले बदर गरेको भन्ने जस्तो गलत र भ्रामक समाचार सम्प्रेषण भएको पाइन्छ ।

५२ जना संवैधानिक पदाधिकारी नियुक्तिसम्बन्धी भएका २ पटक गरी भएका २ वटा सिफारिसमध्ये एउटा सिफारिस (२०७८।०१।२६ को) सम्बन्धी रिटमा प्रधानन्यायाधीश सहित सबै जनाले सर्वसम्मत निर्णय गर्नुभएको छ भने अर्को सिफारिस जुन २०७७।०८।३० मा भएको सो सम्बन्धी रिटमा मात्रै राय बाझिएको अर्थात् ३ जना न्यायाधीशको बहुमतले निर्णय भएको हो ।

न्यायाधीश सपना प्रधान मल्लले नियुक्ति सिफारिसको विरुद्धमा दर्ता भएको रिटको फैसला नियुक्ति भएको साढे ४ वर्षसम्म पनि गर्न नसकेकोप्रति आत्मालोचना गर्नुभएको छ, जुन कुरा न्यायालयको इतिहासमै सराहनीय छ । यति गम्भीर प्रकृतिको मुद्दा जहाँ सम्पूर्ण संवैधानिक आयोगको समग्र नियुक्तिको वैधानिकतामा प्रश्न उठाइएको छ ।

निर्णय समयमा गरेको भए वाञ्छित/अवाञ्छित परिणाम जे आए तापनि अनिश्चित प्रक्रिया र परिणाम लामो समयसम्म रहँदैनथ्यो । न्याय गर्नु भनेको समयमा निर्णय गर्नु पनि हो । प्राथमिकताका साथ समयमा निर्णय गर्नुपर्ने गम्भीर र महत्वपूर्ण विषयमा साढे ४ वर्ष लामो समय निर्णय नगरी राख्दा न संवैधानिक निकाय जस्तो संविधान कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने निकाय खुलेर काम गर्नसक्छ, न त अदालत आफ्नो दायित्वप्रति जिम्मेवारी भएको देखिन्छ ।

'न्यायका याचिकाहरूलाई आशाको ज्योति जगाउन अनुचित विलम्ब हुँदैन भन्ने आश्वातित गर्न जरुरी छ । आफ्नै सतर्कताको निमित्त यस्तो प्रकृति दोहोरिन दिनु हुँदैन भनी यो आत्मलोचना गरेको छु' भनी न्यायाधीश सपना प्रधान मल्लको आत्मालोचनाले आगामी दिनमा यस्तै प्रकृतिका रिटले सुनुवाइको लागि प्राथमिकता प्राप्त गर्नेछन् र मुद्दाको औचित्य समाप्त नहुँदै समयमै सुनुवाइ हुनेछन भन्ने कुरामा आशावादी छौँ । संवैधानिक नियुक्तिबारे फैसलामा 'सबै न्यायाधीशले सार्वभौमिकता प्रयोग गरे, त्यसलाई प्रधानन्यायाधीशले पनि सम्मान गर्नुपर्छ' भन्ने प्रधानन्यायाधीशको भनाइबाटै न्यायाधीशहरू निर्णय गर्न स्वतन्त्र हुन्छन्, सार्वभौम हुन्छन्, स्वविवेकीय अधिकार प्रदत्त हुन्छन् भन्ने प्रष्ट बुझ्न सकिन्छ ।

कुनै मुद्दामा फरक मत राख्नु, राय बाझिनु स्वाभाविक हो । तर हालैको यस फैसलालाई लिएर कुनै न्यायाधीशमाथि टीकाटिप्पणी वा संवैधानिक इजलासबाट भएको फैसलाको आलोचना गर्दा न्यायालयप्रतिको जनविश्वास घट्दै जान्छ । र, स्वतन्त्र एवं सक्षम न्यायालयप्रति नागरिकको दृष्टिकोण नकारात्मक हुन्छ । तसर्थ सम्मानित अदालतबाट भएको फैसला तथा फैसला गर्ने न्यायाधीशप्रति कुनै किसिमको टीकाटिप्पणी, आलोचना होइन, सम्मानित अदालतको सम्मान गर्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# ऊर्जा विकास मार्गचित्रको सार्थकता

✍ ढुनबहादुर बुढाथोकी

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना २०२४ अगाडि सारेको छ । कुल ८० बुँदाहरुमा संघटित उक्त मार्गचित्रमा सन् २०३५ सम्ममा आन्तरिक खपत एवं निर्यात उद्देश्य प्राप्तिका लागि ऊर्जाको जडित क्षमता २८ हजार ५ सय मेगावाट पुऱ्याउने उल्लेख छ । उत्पादित विद्युतमध्ये १० हजार मेगावाट भारततर्फ, ५ हजार मेगावाट बंगलादेश तर्फ निर्यातसहित १३ हजार ५ सय मेगावाट आन्तरिक खपत गर्ने योजना रहेको छ ।

भलै, नेपालको जलविद्युत् क्षेत्रमा अगाडि सारिएको यो पहिलो महत्वाकांक्षी योजना भने होइन । सन् २००७ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकारले १० वर्षमा ५ हजार मेगावाट, सन् २००८ मा तत्कालीन प्रधानमन्त्री पुष्प कमल दाहालको सरकारले १० वर्षमा १० हजार मेगावाट, सन् २००९ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको सरकारले २० वर्षमा २५ हजार मेगावाट, सन् २०१५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा वलीको सरकारले १० वर्षमा १० हजार मेगावाट, सन् २०१६ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारले ७ वर्षमा १७ हजार मेगावाट, सन् २०१८ मा प्रधानमन्त्री केपी शर्मा वलीको सरकारले १० वर्षभित्र १५ हजार मेगावाट जलविद्युत् उत्पादन गर्नेजस्ता असफल योजनाहरु अगाडि सारेको नजिर छ । पछिल्लो कार्ययोजना सन् २०२४ मा तत्कालीन पुष्पकमल दाहालको सरकारले अगाडि सारेकोमा अहिलेको सरकारले निरन्तरता दिएको हो । आयोजना निर्माण सम्पन्न गरिने अवधिको कुरा गर्दा, जल प्रवाहमा आधारित आयोजना ४ वर्षमा, अर्धजलाशययुक्त आयोजना ६ वर्षमा र जलाशययुक्त आयोजना ७ वर्षमा सम्पन्न गर्ने उल्लेख छ । उक्त मार्गचित्र तथा कार्ययोजना सन् २०२४ डिसेम्बर ३१ मा मन्त्रिपरिषद्ले स्वीकृत गरेको हो ।

सरकारले अगाडि सारेको कार्ययोजना मुताबिक विद्युत् निर्यात तथा आन्तरिक खपत गर्न सन् २०३३-३४ सम्ममा करिब २६ हजार मेगावाट विद्युत् थप उत्पादन गर्नुपर्नेछ । यसका निमित्त, विद्युत् खरिद सम्झौता सम्पन्न भएका आयोजनाहरुबाट ५ हजार ८ सय ७३ मेगावाट, विद्युत् खरिदको प्रक्रियामा रहेका आयोजनाहरुबाट ३ हजार २ सय ५ मेगावाट, जडान सम्झौता सम्पन्न भएका आयोजनाहरुबाट ३ हजार १ सय ८ मेगावाट, जडान सम्झौता प्रक्रियामा रहेका आयोजनाबाट ५ हजार ६ सय ४८ मेगावाट, सरकारी स्वामित्व ठूला प्रकृतिका तथा विद्युत् खरिद सम्झौताको प्रक्रियामा हालसम्म सहभागी नभएका आयोजनाबाट ४ हजार ४ सय ३१ मेगावाट र भारतीय कम्पनीवाट प्रवर्द्धित आयोजनाबाट ३ हजार ६ सय ७९ मेगावाट बराबरको ऊर्जा उत्पादन गर्ने सरकारको कार्ययोजना रहेको छ । सर्वेक्षण भइसकेका, उत्पादन अनुमतिपत्र जारी भइसकेका, विद्युत् खरिद सम्झौता भइसकेका, विद्युत् खरिद सम्झौता पूरा भई वित्तीय व्यवस्थापन भइसकेका, निर्माणधीन अवस्थामा रहेका, निर्माणका लागि वित्तीय स्रोत र लगानी विधि पहिल्याउने पहल भइरहेका २६ हजार मेगावाट बराबरका आयोजनाहरु अगाडि सारिएका हुन् ।

> यसर्थ, यसका निमित्त प्रथम त सरकारले अगाडि सारेको लक्ष्यउपर प्रमुख राजनीतिक दल, निजी क्षेत्र, सर्वसाधारण लगानीकर्ता, कर्मचारीतन्त्रको साझा स्वामित्व निर्माण गर्नुपर्दछ । दोस्रो, ऊर्जा सम्बन्धी कानुनहरुमा आवश्यक संशोधनसहित राम्रा कानुनहरुलाई स्थायित्व दिनुपर्दछ । कर्मचारीतन्त्रलाई सेवामुखी तुल्याई जग्गा प्राप्ति, रुख कटानी, वातावरणीय प्रभाव मूल्यांकन र प्रसारण लाइनको क्षेत्रमा रहेका व्यवधानहरुको निरुपण गर्नुपर्दछ । अर्थात् वन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन, प्रसारण लाइनजस्ता क्षेत्रमा क्षमतायुक्त कानुन (सन सेट ल) निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ

उक्त परिमाणमा थप ऊर्जा उत्पादनार्थ जलविद्युतका लागि ६१ खर्ब, प्रसारण लाइन एवं सबस्टेसनका लागि ८ खर्ब ५० अर्ब, वितरणका लागि ४ खर्ब ५० अर्ब गरी कुल ७४ खर्ब (४६.५ अर्ब अमेरिकी डलर) आवश्यक पर्ने अनुमान गरिएको छ । तदनुरुप औसत वार्षिक ६ खर्ब आवश्यक पर्दछ । जुन नेपालको एक वर्षको कुल गार्हस्थ्य उत्पादनभन्दा अधिक हो ।

आवश्यक पर्ने धनराशिमध्ये नेपाल सरकारबाट ६ अर्ब, नेपाली बैंक तथा वित्तीय संस्थाबाट १० अर्ब, क्लाइमेट फाइनान्सिङ फन्डबाट २ अर्ब, गैरआवासीय नेपाली तथा वैदेशिक रोजगारमा रहेका नेपालीबाट १२ अर्ब र वैदेशिक अनुदान तथा ऋणबाट ८.५ अर्ब, नेपाल विद्युत् प्राधिकरण रि-फाइनान्सिङबाट ८ अर्ब अमेरिकी डलर जुटाउने सरकारको कार्ययोजना रहेको छ ।

२८ हजार ५ सय मेगाबाट विद्युत् उत्पादन गरिसक्नुपर्ने अन्तिम समयलाई आधार मान्दा सन् २०३२ सम्ममा कम्तीमा ५५ खर्ब लगानीसहित ८० प्रतिशत भौतिक प्रगति भइसकेको हुनुपर्दछ । यसकारण कि बाँकी ३ वर्षमा रहलपहल निर्माण कार्यसहित उत्पादन परीक्षण, बजार व्यवस्थापनलगायतका कार्यहरु गर्नुपर्ने हुन्छ । लगानीकर्ताले यथास्थितिमा लगानी गरिहाल्दैनन्, लगानी जुटाउन लगानीमैत्री वातावरण तयार गरी लगानीकर्तालाई छुट, सहुलियत उपलब्ध गराउनुको साथै उत्पादित विद्युत् खरिदको सुनिश्चितता गर्नुपर्दछ ।

सन् २०३५ सम्म २८ हजार ५ सय मेगावाट बिजुली उत्पादनका लागि ६५ खर्ब बराबरको लगानी आवश्यक पर्ने अनुमान गरिएकोमा उक्त परिमाणको लगानी हुँदा ४० खर्ब बराबरको धनराशी स्वदेशमै रहने दाबी गरिएको छ । यसरी १० वर्षभित्र स्वदेशी उत्पादन सिमेन्ट, डन्डीलगायत जलविद्युत् आयोजना निर्माण गर्दा चाहिने कच्चा पदार्थ र रोजगारीमा ४० खर्ब खर्च भई मुलुकको अर्थतन्त्र माथि उठ्नेछ ।

आयोजना निर्माणको क्रममा व्यवस्थापक, इन्जिनियर, सुपरभाइजर, फोर म्यानलगायतका करिब ७ लाख श्रमशक्तिले रोजगारी प्राप्त गर्नेछन् । हालको जडित क्षमता ३५ सय मेगावाट हुँदा ६५ लाख नेपालीले ऊर्जा क्षेत्रमा लगानी गरेकोमा जडित २८ हजार ५ सय मेगावाट पुग्दा शतप्रतिशत नेपाली जलविद्युतको मालिक बन्नेछन् भनेर अनुमान गर्नु अन्यथा हुँदैन । उक्त परिमाणमा विद्युत् उत्पादन भएमा वार्षिक राजस्वबापत ८८ अर्ब र विद्युत् बिक्रीबापत ३९ खर्ब प्राप्त हुन सक्ने आँकलन गरिएको छ । जसमा नेपाल विद्युत् प्राधिकरणले विद्युत् बिक्रीबापत २६ खर्ब प्राप्त गर्ने आँकलन छ । प्रस्तुत कार्य मार्गचित्र सफल तुल्याउन सरकारद्वारा निजी क्षेत्रलाई सारथीको रुपमा परिकल्पना गरिएको छ । निजी क्षेत्रले समेत राज्यको कदमको सराहना गर्दै उक्त अभियानमा साझेदारी गर्ने बताइरहेको छ ।

सरकारले अगाडि सारेको जलविद्युत् मार्गचित्र तथा कार्ययोजना, २०८१ मन्त्रिपरिषद्ले अनुमोदन गर्न डेढ वर्ष लगाउनुहुँदैनथ्यो । अब बचेको ११ वर्ष आफैँमा त्यति लामो अवधि होइन । अर्कोतर्फ, मार्गचित्र अगाडि सारिएको २ वर्ष व्यतीत हुँदै गर्दा तत्सम्बन्धी ठोस पहलकदमी भएको छैन् । चालू वर्षको बजेट वक्तव्यमा उक्त विषयमा मौन देखिएको छ । नयाँ निर्माण गर्नुपर्ने कुन-कुन आयोजनाहरुमा, के-कस्तो विधिमा, को-कसलाई निर्माण जिम्मा दिने भन्ने ठोस किटानी भएको छैन । बंगलादेशमा ५ हजार मेगावाट बराबरको विद्युत् निर्यात गर्ने भनिएको छ । तर तत् परिमाण अनुरुपको प्रसारण लाइनको सुनिश्चितता गर्ने भरपर्दो कदम अझै उठाउन सकिएको छैन । भारतमा १० हजार मेगावाट निर्यात गर्ने भनिए तापनि ४ सय केभी क्षमताका इनरुवा-पूर्णिया, लम्की-बरेली प्रसारण लाइन निर्माणको कार्यले द्रुतता पाउन सकिरहेको छैन । बचत १३ हजार ५ सय मेगावाट बराबरको विद्युत् आन्तरिक खपत गर्ने भनिएको छ तर उद्योग, वाणिज्य, परिवहन र घरयासी खपतको मार्गचित्र तथा कार्ययोजना अझै पस्कन सकिएको छैन ।

अहिले ऊर्जाको जडित क्षमता ३५ सय मेगावाट पुगेको, वार्षिक औसत १ हजार मेगावाटको दरले थप उत्पादन हुने गरेको सन्दर्भमा अबको ११ वर्षमा ११ हजार मेगावाट सहजै थप हुन सक्छ । यसको अर्थ साबिककै अवस्थामा पनि १४ हजार ३ सय मेगावाट विद्युत् उत्पादन हुन सक्छ भन्ने नै हो । बाँकी १४ हजार २ सय मेगावाट अतिरिक्त ऊर्जा उत्पादन गर्न विशेष मेहनत गर्नुपर्ने हुन्छ । पहिचान भएका आयोजनासम्म सडक, विद्युत्, सञ्चारलगायतका पूर्वाधार तयार भइसकेका छन् । सकारले उक्त कार्ययोजना मन्त्रिपरिषद्बाट अनुमोदन गरी योजना कार्यान्वयनका लागि अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, लगानी बोर्ड, विद्युत् विकास विभागलगायतका निकाय सम्लग्न भएको सचिवस्तरीय समितिसमेत निर्माण गरिसकेको छ । हामीले अगाडि सारेको योजना पूरा गर्ने हामीले नै हो । अरु कसैले गरिदिँदैन ।

यसर्थ, यसका निमित्त प्रथम त सरकारले अगाडि सारेको लक्ष्यउपर प्रमुख राजनीतिक दल, निजी क्षेत्र, सर्वसाधारण लगानीकर्ता, कर्मचारीतन्त्रको साझा स्वामित्व निर्माण गर्नुपर्दछ । दोस्रो, ऊर्जासम्बन्धी कानुनहरुमा आवश्यक संशोधनसहित राम्रा कानुनहरुलाई स्थायित्व दिनुपर्दछ । कर्मचारीतन्त्रलाई सेवामुखी तुल्याई जग्गा प्राप्ति, रुख कटानी, वातावरणीय प्रभाव मूल्यांकन र प्रसारण लाइनको क्षेत्रमा रहेका व्यवधानहरुको निरुपण गर्नुपर्दछ । अर्थात् वन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन, प्रसारण लाइनजस्ता क्षेत्रमा क्षमतायुक्त कानुन (सन सेट ल) निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।


तेस्रो, उत्पादन अनुमति लिएका, अध्ययन अनुमति लिएका, वित्तीय व्यवस्थापन भइसकेका अयोजनाहरु निर्धारित समयमा टुङ्गो लगाउने कुराको सुनिश्चय गर्नुपर्दछ । विद्युत् खरिद सम्झौता भएका तर वित्तीय व्यवस्थापन भई नसकेका आयोजनाहरुको वित्तीय व्यवस्थापन ढिला नगर्न आग्रह गर्नुपर्दछ । साथै, सबै प्रकृतिका आयोजनहरुको लेऊ वा तिर (टेक अर पे) विधिमा विद्युत् खरिद सम्झौता (पीपीए) खुला गर्न हिचकिचाउनुहुँदैन । चौथो, प्रस्तावित लक्ष्य पूरा नहोउन्जेलसम्म जलविद्युत् प्रवर्द्धकले लिएको ऋणको ब्याजदरमा विचलन आउन नदिने कुराको सुनिश्चय गर्नुपर्दछ । पाँचौं, प्रस्तावित लक्ष्य प्राप्तिका लागि स्वदेशी पुँजी मात्र पर्याप्त नहुने हुँदा वैदेशिक लगानी आमन्त्रण गर्नुपर्दछ । वैदेशिक लगानीकर्ताले ऊर्जा क्षेत्रमा लगानी गर्नुपूर्व राजनीतिक स्थायित्व, आयआर्जन फिर्ता सहजता, सरकारको इमान्दारीपना आदि परिसूचकरुहरु विश्लेषण गर्ने हुँदा ती परिसूचकहरुलाई लगानीमैत्री तुल्याउनुपर्दछ ।

छैटौं, सन् २०३५ सम्ममा बंगलादेशमा ५ हजार मेगावाट विद्युत् निर्यात गर्ने भनिए तापनि तत्सम्पन्धी न त ठोस सम्झौता नै हुन सकेको छ, न त उक्त परिमाणमा विद्युत् निर्यात गर्ने प्रसारण लाइनकै सुनिश्चय हुन सकेको छ । वस्तुत: सम्झौता रातारात गर्न सकिने विषय होइन । यसर्थ, मनगढन्ते सपना कोरल्नुभन्दा तत्सम्बन्धी पहल थालनी गर्नुपर्दछ । त्यस्तै, हाल बंगलादेशमा विद्युत् निर्यातका लागि प्रयोग भइरहेको बहरामपुरा-भेरामारा ग्रीडको क्षमता ४० मेगावाट मात्र रहेकाले ५ देखि १० हजार मेगाबाट विद्युत् प्रवाह गर्न सकिने गरी प्रसारण लाइन निर्माणार्थ नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौताको लागि आवश्यक पहल गर्नुपर्दछ ।

सातौं, सन् २०३५ सम्ममा १५ हजार ५ सय मेगावाट स्वदेशमै खपत गर्ने भनिएकोमा हाल नेपालको प्रतिव्यक्ति खपत ४ सय १० मेगावाट मात्र रहेको छ । अबको १२ वर्षमा घरलु खपतले साबिककै अवस्थामा ठूलो फड्को मारिहाल्न सक्ने देखिँदैन । यसर्थ, विद्युतीय सवारीसाधनको प्रवर्द्धन, विद्युतीय चुल्होको बढावा, उद्योगधन्दामैत्री वातावरण निर्माण गर्नुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# बाढीको पूर्वसूचना हुँदाहुँदै रसुवामा अकल्पनीय क्षति




काठमाडौं/रसुवाको गोसाइँकुण्ड गाउँपालिका-५, स्याफ्रुबेसीका बुद्ध लामा मंगलबार बिहानपख मस्त निद्रामा थिए । एक्कासी घरै थर्किने गरी गड्याङगुडुङको आवाज आयो । भूकम्प आएको ठानेर उनी जर्‍याक जुरुक उठे । बाहिर निस्किएर हेर्दा त खोलामा ठूलो बाढी आएको रहेछ । बाढीले ठूला-ठूला ढुंगा बगाएकाले घर थर्किएको रहेछ ।

लामाले मंगलबार बिहानको त्रासदी सुनाए, 'तीन-चार बजेतिर घर थर्किएको महसुस भयो, मलाई त भूकम्प आयो जस्तो लाग्यो, तर बाहिर निस्किँदा भोटेकोशी असाध्यै ठूलो भएको देखें । त्यसपछि हल्लाखल्ला भयो, सबै आत्तियौं ।' त्यसपछि घरमा रहेको पैसा र महत्वपूर्ण सामान निकालेर परिवार सहित सुरक्षित स्थानतिर लागें । उनको घर खोलाभन्दा अलि माथि भएकाले अरुको तुलनामा सुरक्षित ठानेका छन् । तर बाढीले अकल्पिनीय क्षति पुर्‍याएपछि डर कायमै छ ।

रसुवाको बाढीले त्रास मात्र बढाएन, ६ चिनियाँ नागरिक, ३ नेपाल प्रहरीसहित कम्तीमा १८ जना बेपत्ता भए । बेपत्ता हुने नेपालीहरूमा अधिकांश श्रमिक छन् । यो समाचार तयार पार्दासम्म मृतकको संख्या खुलेको छैन ।

मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरका अनुसार रसुवा क्षेत्रमा भारी वर्षा हुने मौसमी प्रणाली थिएन । तर मंगलबार बिहान चीनको तिब्बत क्षेत्रबाट बग्ने भोटेकोशी नदीमा लेदोसहितको बाढी आएको थियो । बाढी बस्तीमा नपसे पनि पुल, सडक, जलविद्युत आयोजना र सुख्खा बन्दरगाहमा क्षति पुगेको छ ।

मितेरी पुल बगाएकाले नेपाल-चीनको सडक सम्पर्कविच्छेद भएको रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जानकारी दिए । उनका अनुसार रसुवा भन्सार कार्यालयको सेडघरमा रहेका मालबाहक कन्टेनर र विद्युतीय गाडीहरूसमेत बगाएको छ । स्याफ्रुबेसी-रसुवागढी सडकखण्डमा पनि क्षति पुगेर आवागमन अवरुद्ध भएको छ ।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली खोज, उद्धार तथा राहत वितरणमा सक्रिय छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वनिर्धारित कार्यक्रमहरू स्थगित गरेका छन् । उनी चिनियाँ दूतावासका कर्मचारी, सुरक्षा निकायका प्रमुख, केही मन्त्रीसहित रसुवाको बाढी प्रभावित क्षेत्रमा गएका छन् ।

**चीनले दिएको थियो बाढीको सूचना**

जिल्ला प्रशासन कार्यालय रसुवाले १० असारमा सूचना जारी गर्दै बाढीको जोखिम भएकाले तटीय क्षेत्रमा पूर्वतयारी अपनाउन भनेको थियो । सो सूचनामा चीनले बाढीको जोखिम रहेकाले आवश्यक पूर्वतयारी र सावधानी अपनाउन भनेको बेहोरा उल्लेख छ ।

मनसुन सक्रिय भएको र चीनले समेत सावधानी अपनाउन भनेकाले भोटेकोशी नदी, त्रिशूली नदी, लाङटाङ खोला, चिलिमे खोला र अन्य नदी/खोला आसपासका क्षेत्रमा बाढी-पहिरोजन्य विपद्को जोखिम रहेकाले सतर्कता अपनाउन अनुरोध गर्दै सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले सूचना जारी गरेका थिए ।

साथै, नेपाल सरकारको समाचार एजेन्सी राष्ट्रिय समाचार समिति (रासस)ले असार १९ गते प्रकाशित गरेको एक समाचारमा बाढीको जोखिम भएकाले टिमुरे भन्सारमा रहेका गाडीहरू हटाउन भनिएको उल्लेख थियो ।

ती पूर्वसूचनाका बाबजुद तयारी नपुग्दा रसुवाले ठूलो क्षति भोगेको छ । दु:खको कुरा, बाढीको त्रासदीको समय रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेल र प्रहरी प्रमुख डीएसपी हेम शाही जिल्लामा थिएनन् । बाढीले क्षति पुर्‍याएको सूचनापछि उनीहरू धुलिखेलबाट काठमाडौं हुँदै हेलिकप्टर बाट जिल्ला फर्किएका थिए ।

मनसुनको बेला प्राकृतिक विपद आउन सक्छ भन्ने जान्दाजान्दै जिल्लाको नेतृत्व सम्हाल्नेहरू नै बाहिर हुनु लापरबाही भएको गृहमन्त्रालयका एक पूर्वसचिवले बताए । 'यस वर्ष मनसुनमा धेरै पानी पर्छ भन्ने जानकारी थियो, चीनले पनि बाढीको सूचना दिएको थियो, त्यति हुँदाहुँदै पनि सीडीओ र डीएसपीले जिल्ला छाड्नु लापर बाही हो,' ती पूर्वसचिवले भने, 'कम्तीमा मनसुन अवधिभर जिल्ला छोड्नु हुँदैन र आकस्मिक बाहेक बिदा पनि लिनु हुँदैन ।'

यसअघि असार पहिलो साता पनि चीनले नै सिन्धुपाल्चोक प्रशासनलाई बाढीको जोखिमको सूचना दिएको थियो । सो सूचनाको आधारमा सिन्धुपाल्चोक र उसको छिमेकी काभ्रे जिल्ला प्रशासनले छुट्टाछुट्टै सूचना जारी गरी जिल्लावासीलाई र सुरक्षाकर्मीलाई अलर्ट राखेका थिए । तर बाढीले क्षति भने पुर्‍याएन । काभ्रेस्थित रोशी खोलाको बाढीमा फसेका ५ जनालाई भने सशस्त्र प्रहरीले उद्धार गरेको थियो ।

**जलवायु कूटनीति र सीमापार पूर्वचेतावनी प्रणालीमा जोड**

विज्ञका अनुसार नेपाल, चीन, भारत र बंगलादेश साझा नदी प्रणाली र उस्तै खालको मौसमी प्रभावले जोडिएका छन् । भोटेकोशी, कोशी र गण्डकीजस्ता ठूला नदीहरू तिब्बत मुहान भएर नेपालबाट भारत र बंगलादेशका तल्लो तटीय क्षेत्रमा हुँदै बंगालको खाडीमा मिसिने भएकाले यी नदीहरूमा आउने बाढीले चारवटै देश प्रभावित हुन्छन् ।

त्यसैले जोखिम न्यूनीकरणका लागि जलवायु कूटनीतिमार्फत अन्तरदेशीय सूचना प्रणालीको विकास अपरिहार्य रहेको विपद विज्ञ डा. धर्मराज उप्रेती बताउँछन् । 'जलवायु कूटनीति र ट्रान्स बाउन्ड्री अर्ली वार्निङ सिस्टम (सीमापार पूर्वचेतावनी प्रणाली) अति आवश्यक भइसकेको छ,' उनी भन्छन् । जोखिमबाट जोगिनका लागि उच्च हिमाली क्षेत्रमा मौसम राडार जडान गर्नुपर्ने, नदीको मुहान क्षेत्रमै बाढी मापन उपकरण राख्नुपर्ने र अन्तरदेशीय सूचना आदान प्रदान नियमित हुनुपर्ने उनको भनाइ छ ।

उनी भोटेकोशी-त्रिशूली र भोटेकोशी-तातोपानी दुवै नदी किनारमा बाढी पहिरोबाट जनधनको ठूलो क्षति हुँदै आएकाले नदी किनार छोडेर मात्रै संरचना बनाउनुपर्ने नीति व्यवहारमै उतार्नुपर्नेमा जोड दिन्छन् । 'नदी क्षेत्रलाई छोडेर मात्र बस्ती विकास गर्ने, संरचना बनाउने भन्ने कुरा कागजमा मात्र सीमित भएको छ, त्यो व्यवहारमै लैजानुपर्छ,' उनी भन्छन् । *(स्रोत: अनलाइनखबर)*

# केदार र वर्षा फिचर्ड 'माग्ने राजा'को 'त्यो मिठो जोवन' गीत रिलिज



काठमाडौं/हरितालिका तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'माग्ने राजा'को पहिलो गीत 'त्यो मिठो जोवन' सार्वजनिक गरिएको छ । डान्सिङ नम्बरको उक्त गीतमा दीपक शर्माको शब्द रचना तथा संगीत रहेको छ भने रचना रिमाल र सविन सुवेदीको स्वर सुन्न सकिन्छ । गीतमा प्रेमको भावना पोखिएको छ ।

कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी केदार घिमिरे 'माग्ने बुढा' र वर्षा सिवाकोटीको नृत्य समेटिएको छ । दुवैलाई प्रेमिल भावमा देख्न सकिन्छ । केदारले रानी बनाउने भन्दै वर्षालाई फकाइरहेका छन् भने वर्षाले मन चोरेर पछि भाग्न नपाइने सर्त राखेकी छन् । उनीहरुको केमेस्ट्री दर्शकलाई रोचक लाग्न सक्छ ।

ऋषि लामिछानेको निर्देशनमा तयार भएको फिल्ममा केदार र वर्षासहित पुष्कर गुरुङ, शिशिर वाङ्देल, शारदा गिरी, पवित्रा साकी (मिस पबी) लगायतको अभिनय रहेको छ भने आर्यन सिग्देल विशेष भूमिकामा छन् । मुनाल घिमिरे प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता मधुसुदन शर्मा हुन् । मुनाल दाङको घोराही उपमहानगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष समेत हुन् ।

आरम्भ प्रोडक्सनको ब्यानरमा निर्माण भएको 'माग्ने राजा'मा नरेन्द्र मैनालीको छायांकन, मित्र डि. गुरुङको सम्पादन, सामीप्य राज तिमल्सेनाको लेखन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, तसूजील कर्माचार्यको ब्याकग्राउन्ड म्यूजिक तथा दीपक शर्मा र बाबुल गिरीको संगीत रहेको छ । पैसाको बलमा आफैंलाई राजा ठान्ने पात्रको कथामा फिल्म आधारित छ ।

# 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशकको 'कोशेढुंगा' ५१ दिनमा प्याकअप



काठमाडौं/सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलले आफ्नो नयाँ फिल्म 'कोशेढुंगा'को छायांकन सकाएका छन् । मकवानपुरको पर्यटकीय क्षेत्र चित्लाङ र मार्खुमा एउटा गीतको छायांकन गरेपछि सोमबार ५१ दिनमा फिल्म 'प्याकअप' भएको हो । गीतबाहेकको छायांकन भने केही साताअघि नै पूरा भइसकेको थियो ।

गत फागुनमा ललितपुरको च्यासलमा सेट लगाएर सुरु भएको 'कोशेढुंगा'को छायांकन त्यसपछि गण्डकी प्रदेशको स्याङ्जाको आँधीखोला, त्रिवेणी र सिरुवारी क्षेत्रमा गरिएको थियो । यो फिल्म तीजको अवसर पारेर आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउने निश्चित भइसकेको छ । नेपालसहित ४० भन्दा धेरै देशमा एकसाथ फिल्म रिलिज हुने जनाइएको छ ।

नरदेवी फिल्मसको प्रस्तुति रहेको फिल्ममा अभिनेत्री सुरक्षा पन्त मुख्य भूमिकामा छिन् । फिल्मको कथा उनीमै केन्द्रित रहेको जनाइएको छ । उनीसहित फिल्ममा आर्यन सिग्देल, ऋचा शर्मा, मन्जिल कुमार, नीति शाह, प्रवीण खतिवडा, हिउवाला गौतम, सरोज खनाल, विशाल पहाडी, दिनेश काफ्ले लगायतको अभिनय रहेको छ । यसमा निर्देशक पौडेल स्वयंको लेखन छ ।

'कोशेढुंगा'को निर्मातामा प्रेविल कँडेल र किशोर अनुराग रहेका छन् भने कार्यकारी निर्माता दिनेश खड्का हुन् । बाबु श्रेष्ठको छायांकन रहेको फिल्ममा आशिष अविरल र रिदम कँडेलको संगीत छ । फिल्मलाई नहकुल खड्काले सम्पादन गर्नेछन् । यो फिल्म महिलाप्रधान कथावस्तुमा आधारित छ ।

# 'सीएसआर' कोषको पैसा गरिबी निवारणमा मात्रै खर्च गर्न सर्वोच्चको आदेश




काठमाडौं/सर्वोच्च अदालतले संस्थागत सामाजिक उत्तर दायित्व (सीएसआर) कोषमा जम्मा भएको रकम ठूला विकास आयोजनामा खर्च नगर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । सर्वोच्चले गरिब, विपन्न तथा लक्षित वर्गको उत्थानका लागि कोषमा छुट्याउनुपर्ने त्यस्तो रकम उनीहरूमा मात्रै खर्च गर्न निर्देशनात्मक आदेश दिएको हो ।

न्यायाधीशहरू हरि फुँयाल र नृपध्वज निरौलाको संयुक्त इजलासले आदेशमा भनेको छ, 'चरम गरिबी निवारण गर्न तथा गरिबीको रेखामुनि रहेका नेपालीको प्रत्यक्ष हित हुने गरी प्रयोग गर्न गराउन आवश्यक व्यवस्था गर्नू गराउनू ।' पछिल्लो 'नेपाल जीवनस्तर सर्वेक्षण' अनुसार २०.२७ प्रतिशत जनसंख्या गरिबीमा छन् । त्यसमा पनि चरम गरिबीमा परेका समुदाय छनोट गरी उनीहरूलाई आवास, शिक्षा, स्वास्थ्य, बालबालिका, महिला उत्थान लगायत काममा त्यस्तो रकम खर्च गर्नुपर्ने भन्दै सर्वोच्च अदालतले न्यूनतम मानवीय जीवनलाई आवश्यक पर्ने क्षेत्रमा रकम खर्च गर्न आदेश दिएको हो ।

सर्वोच्च अदालतले गरिबीको रेखामुनि रहेका समुदायको हक अधिकार संरक्षण गर्ने क्रियाक्लापमा रकम खर्चन सरकारको ध्यानाकर्षण गराउँदै विपन्न समुदायको क्षमता विकास गर्न त्यस्तो समुदायको रकम खर्च गर्न आदेश दिएको हो ।

सीएसआर कोषको रकम गरिबी निवारणको उद्देश्य बाहेक क्षेत्रमा खर्च वा प्रयोग गर्न नहुने भन्दै सर्वोच्च अदालतले नेपाल राष्ट्र बैंकको कानुनी तथा नीतिगत व्यवस्था पनि संशोधन गराउन आदेश दिएको हो । सर्वोच्चले सामाजिक सुरक्षाका लागि उद्योगहरूबाट छुट्याइएको रकम गरिबी निवारणमा खर्च भए/नभएको अनुगमन गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ ।

सर्वोच्चले मुलुकको चरम गरिबी निवारण गर्न त्यस्ता कोषको रकम खर्चिनुपर्ने भन्दै नयाँ सामाजिक उत्तरदायित्व सम्बन्धी ऐनको मस्यौदा गर्न कानुन मन्त्रालयलाई आदेश दिएको हो । उसले दुई वर्षको समयसीमा दिँदै कानुन निर्माणमा राष्ट्र बैंकलाई पनि सहभागी गराउनू भनेको छ । सीएसआरको रकम कर्मचारी वा निजी आयोजनामा खर्च गरेको भेटिए त्यसो गर्नेलाई कारबाही गर्ने गरी कानुन बनाउन पनि राष्ट्र बैंकलाई सर्वोच्चले आदेश दिएको छ ।

औद्योगिक व्यवसाय ऐनको दफा ५४ मा नाफाको एक प्रतिशत सामाजिक उत्तर दायित्वमा खर्च गर्नुपर्ने व्यवस्था छ । कोरोना महामारीका बेला १२ साउन २०७७ मा राष्ट्र बैंकले सूचना जारी गरेर सीएसआरको कोषमा बाँकी रहेको सबै रकम सरकारले स्थापना गरेको कोरोना उपचार कोषमा जम्मा गर्न निर्देशन दिएको थियो ।

राष्ट्र बैंकको एकीकृत निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाले हरेक आर्थिक वर्षको खुद नाफाको कम्तीमा १ प्रतिशत रकम छुट्याइ सीएसआर कोष खडा गरी जम्मा गर्नुपर्ने छ । उक्त कोषमा जम्मा भएको रकम सामाजिक परि योजना, वित्तीय साक्षरता, दिगो विकासमा सहयोग पुग्ने क्षेत्र, प्रत्यक्ष अनुदान खर्च लगायत विभिन्न १० क्षेत्रमा खर्च गर्न सक्छन् ।

गत आवमा मात्रै बैंक तथा वित्तीय संस्थाको सीएसआर कोषमा ६१ करोड ८२ लाख रुपैयाँ जम्मा भएको केन्द्रीय बैंकले जनाएको छ । चालु आव वैशाखसम्मको नाफाका आधारमा बैंक तथा वित्तीय संस्थाले ५२ करोड ८२ लाख रुपैयाँ उक्त शीर्षकमा खर्च गर्न सक्छन् । सीएसआर रकम बैंक तथा वित्तीय संस्था आफैंले एकल वा सामूहिक रूपमा खर्च गर्न पाउनुपर्ने नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहालले बताए ।

सामाजिक उत्तरदायित्वको रकम कस्तो ठाउँमा प्रयोग गर्ने/नगर्ने भन्ने केन्द्रीय बैंकले नै स्पष्ट गरेको सन्दर्भमा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश सहित फैसला गर्न आवश्यक नरहेको उनको भनाइ छ । यस्तो रकम एक वा सामूहिक रूपमा शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा ठूला-साना योजनामा काम गर्न पाउनु उयुक्त हुने उनको भनाइ छ । बैंकर्स संघले उक्त कोषको निश्चित प्रतिशत रकम प्रयोग गरेर हस्पिटल बनाउने तयारी गरि रहेको थियो । अदालतको यो फैसलाले संघको यो योजनालाई पनि प्रभावित पार्ने देखिएको छ । त्यसका लागि संघले बैंक कर्मचारीलाई भनिएको हस्पिटल सर्वसाधारणका लागि पनि खुला गर्नुपर्ने हुन्छ ।

सीएसआरको रकम जथाभावी खर्च हुने गरेको भन्दै त्यसविरुद्ध अधिवक्ताहरू शशी बस्नेत, प्रकाश महर्जन लगायतले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । करको सम्पूर्ण दायित्व चुक्ता गरिसकेपछि कम्पनीले गर्ने सामाजिक उत्तरदायित्वका क्रियाकलापमा सरकार वा राज्यका निकायले हस्तक्षेप गर्न नसक्ने जिकिर सहित उनीहरू सर्वोच्च गएका थिए । 'राज्यलाई कर तिरिसकेपछि जम्मा गरिएको सामाजिक उत्तरदायित्व कोषको रकम पुन: राज्यको कोषमा नै देऊ भन्ने अधिकार कुनै पनि कानुनले नेपाल राष्ट्र बैंकलाई दिएको छैन,' उनीहरूको दाबी थियो, 'त्यस्तो स्वेच्छाचारी निर्णय वा व्यवहार संविधानले प्रत्याभूत गरेका मौलिक हक अधिकार विपरीत हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# यातायात र जनजीवन सहज बनाउने गरी काम गर्न भौतिकमन्त्रीको निर्देशन



काठमाडौं/भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले बाढीबाट क्षतिग्रस्त सडक, पुल लगायत संरचना पुनर्निर्माण प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन् । उनले क्षतिग्रस्त स्थानमा अध्ययन गरी अल्पकालीन र दीर्घकालीन योजना तयार गर्न सडक विभागलाई निर्देशन दिए । भोटेकोशी नदीले पुर्‍याएको क्षति अध्ययन गरी यातायात सहज बनाउने तर्फ लाग्न समेत उनले निर्देशन दिए ।

अझै मनसुन जारी रहनेतर्फ ध्यान दिँदै संरचनाको सुरक्षा र क्षति भएका संरचनाको अस्थायी र स्थायी पुनर्निर्माण योजना बनाउन उनको निर्देशन छ । नेपाल-चीन जोड्ने सडक तथा मितेरी पुलमा भएको क्षति अध्ययन गरी जनजीवन र यातायात सहज बनाउने तर्फ जनशक्ति र स्रोतसाधन परिचालन गर्न उनले निर्देशन दिए । बाढी, पहिरोजस्ता प्राकृतिक प्रकोपका कारण थप हुन सक्ने क्षतिलाई मध्यनजर गरेर वर्षायामभरि सुरक्षित यातायात र सडक सञ्चालन गर्न सम्बद्ध निकायसँग समन्वय थप बलियो बनाउन मन्त्री दाहालले निर्देशन दिएका छन् ।

उक्त सडक बाहेक अन्य सडकतर्फ समेत ध्यान दिई सकेसम्म यातायात अवरुद्ध हुन नदिने गरी जनशक्ति, औजार, उपकरण तथा जनशक्ति परिचालन गर्न उनको निर्देशन छ । सडक विभागका महानिर्देशक डा. विजयकुमार जैसीका अनुसार रसुवागढी क्षेत्रमा बाढीले पुर्‍याएको क्षति अध्ययन गर्नुपर्ने कार्यका लागि विभागको टोली परिचालन भइसकेको छ ।

गल्छी-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक आयोजनाबाट क्षतिग्रस्त क्षेत्रमा प्राविधिक जनशक्ति परिचालन भएको हो । बाढी र वर्षाको अवस्था हेरी सडक विभागको जनशक्तिले तत्काल काम सुरु गर्दैछ । अल्पकालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यका लागि योजना समेत बनाउने छ । उक्त क्षेत्रमा गर्नुपर्ने संरक्षण मर्मत र पुनर्निर्माणका लागि विभागको टोलीले अन्य निकायसँग समेत समन्वय गरिरहेको सडक विभागले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# बागमतीमा २० प्रतिशत
# मकवानपुरमा ७ हजार हेक्टरमा धान रोपाइँ

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ बागमती प्रदेशमा हालसम्म २० दशमलव ५१ प्रतिशत जग्गामा मात्र धान रोपाइँ भएको छ । असार महिना बित्नै लाग्दा अहिलेसम्म बागमती प्रदेशमा यो परिमाणमा खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ हुन सकेको हो ।



बागमती प्रदेश कृषि निर्देशानलयका सूचनाअधिकारी प्रमोदप्रसाद दाहालका अनुसार यसवर्ष समयमै वर्षा नहुँदा प्रदेशको करिब ८० प्रतिशत खेतीयोग्य जग्गा अझै बाँझो छ । प्रदेशको कूल पाँच लाख ३४ हजार आठ सय ७१ दशमलव ६० हेक्टर जग्गामध्ये एक लाख २० हजार ६ सय १० दशमलव २५ हेक्टरमा धान रोपाइँ हुने गरेको छ । हालसम्म २४ हजार सात सय ४२ दशमलव ७८ हेक्टर जग्गामा मात्र धान रोपाइँ हुन सकेको सूचना अधिकारी दाहालले बताए । अहिलेसम्म प्रदेशमा सबैभन्दा बढी दोलखा र भक्तपुरमा ६५ प्रतिशत र सबैभन्दा कम धादिङमा ५ प्रतिशत जग्गामा मात्र धान रोपाइँ भएको छ । असारको दोस्रो सातायता प्रर्याप्त वर्षा नहुँदा वैकल्पिक सिँचाइको प्रबन्ध मिलाएरै भएपनि किसान धान रोपाइँ गरिरहेका छन् ।

काठमाडौंमा ६० प्रतिशत, ललितपुरमा ५५ प्रतिशत, रसुवामा २८ दशमलव ८३ प्रतिशत, सिन्धुपाल्चोकमा २७ दशमलव ८ प्रतिशत, रामेछापमा २२ प्रतिशत, नुवाकोटमा १८ दशमलव २१ प्रतिशत, सिन्धुलीमा ९ दशमलव ६६ प्रतिशत, चितवनमा ८ दशमलव ८ प्रतिशत र मकवानपुरमा ७ दशमलव ९९ प्रतिशत मात्र धान रोपाइँ हुन सकेको सूचनाअधिकारी दाहालले बताए । काठमाडौंमा २१ हजार दुई सय हेक्टर खेतीयोग्य जग्गामध्ये पाँच हजार नौ सय २६ हेक्टरमा धान रोपाइँ हुने गरेको छ ।

ललितपुरमा कूल १५ हजार दुई सय ९६ हेक्टरमध्ये चार हजार एक सय ६३ हेक्टरमा तथा भक्तपुरमा कूल आठ हजार ७७ हेक्टर खेतीयोग्य जग्गामध्ये दुई हजार छ सय ९९ हेक्टरमा धान रोपाइँ हुने गरेको छ । त्यस्तै चितवनमा कूल ४८ हजार ६ सय ९४ हेक्टर मध्ये २७ हजार दुई सय सात दशमलव २५ हेक्टरमा, मकवानपुरमा ४१ हजार तीन सय ३८ हेक्टर खेतीयोग्य जग्गा रहोकामा सात हजार ६७ हेक्टरमा, नुवाकोटमा ३२ हजार सात सय ३५ हेक्टरमध्ये १६ हजार चार सय ९८ हेक्टरमा, र सुवामा १३ हजार सात सय ७८ दशमलव ६ हेक्टरमध्ये दुई हजार सात ८१ हेक्टरमा र धादिङमा ४८ हजार एक सय ३६ हेक्टरमध्ये ११ हजार एक सय ५९ हेक्टरमा धान रोपाइँ धानखेती हुने गरेको सूचना अधिकारी दाहालले जानकारी दिए ।

यसैगरी सिन्धुलीमा ६२ हजार सात सय १३ हेक्टरमध्ये १३ हजार चार सय ४५ हेक्टरमा, रामेछापमा कूल ५० हजार नौ सय आठ हेक्टरमध्ये सात हजार आठ सय ५९ हेक्टरमा, दोलखामा कूल ५६ हजार ६ सय ८३ हेक्टरमध्ये दुई हजार आठ सय १४ हेक्टरमा, काभ्रेपलाञ्चोकमा कूल ६१ हजार पाँच सय ९४ हेक्टरमध्ये १० हजार दुई सय १० हेक्टरमा र सिन्धुपाल्चोकमा कूल ७३ हजार सात १० हेक्टरमध्ये आठ हजार सात सय ८२ हेक्टरमा धानखेती हुने गरेको कृषि विकास निर्देशनालयले जनाएको छ ।

# प्रदेशस्तरीय चौथो खुला तेक्वान्दो लिग असार २६ गतेदेखि

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिग सञ्चालन हुने भएको छ । बागमती प्रदेशस्तरीय चौथो खुल्ला लिग तेक्वान्दो प्रतियोगिता असार २६ गतेदेखि असार २८ गतेसम्म तारकेश्वर नगरपालिका धर्मस्थलीमा हुने आयोजकले बताएको छ ।




मंगलवार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै जिल्ला समन्वय समिति काठमाडौंले यसै प्रतियोगितामा पहिलो पटक नेपालले तेक्वान्दो खेलमा वरियता सहितको खेलाडी पाउने बताएको छ । जिल्ला समन्वय समितिको घोषणा कार्यक्रम अनुसार उत्कृष्ट एक महिला र एक पुरुषले काठमाडौं जिल्ला समन्वय समितिको तर्फबाट एक/एक वटा ईस्कुटर पाउनेछन् । अन्य प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई प्रथम १५ हजार, द्वितीय १० हजार र तृतीय स्थान हासिल गर्ने दुई जनालाई ५/५ हजार नगद पुरस्कार दिइनेछ । पुरस्कार १० वटै तौल समूहलाई प्रदान गरिनेछ ।

लिगमा पुरुषमा पाँच तथा महिलामा पाँच गरी जम्मा १० तौल समूहमा प्रतिष्पर्धा हुने आयोजकले बताएको छ । पुरुषमा ४६-५०, ५०-५४, ५४-५८, ५८-६३ र ६३-६८) केजी तौल समूह साथै महिलामा ४०-४३, ४३-४६, ४६-४९, ४९-५३ र ५३-५७ केजी तौल समूहमा प्रतिष्पर्धा हुनेछन् । लिगमा पहिलो हुने खेलाडीले १० अंक, दोस्रोले ७ अंक, तेस्रो हुनेले ३ अंक र प्रत्येक खेल विजेताले १ अंक पाउनेछन् ।

हरेक लिगका प्रत्येक तौल समूहका पदक विजेताका हकमा जिल्ला बाहिरका खेलाडीलाई खान, बस्न र यातायातलगायत खर्च जिल्ला समन्वय समिति काठमाडौंले व्यवस्थापन गर्ने बताइएको छ । हरेक लिगका विजेतालाई पदक तथा प्रमाणपत्रको व्यवस्था गरिएको छ ।


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०३/२२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- पंचराम राई र विर बहादुर राई (छोराहरु)* *जग्गावाला-नरमान सिं राई (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ६ का निम्नानुसारका जग्गा हाम्रो बुवा नरमान सिं राईको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो बुवा नरमान सिं राईको मिति २०३५ सालमा मृत्यु भईसकेको र निजको हक खाने निजकी एक मात्र पनि जुठी माया राईको पनि मिति २०५३/०९/०१ मा मृत्यु भईसकेको र निजहरुको शेषपछि हक खाने हकदारहरु ३ जना छोराहरु विर बहादुर राई-१, पंचराम राई- १ र सोम बहादुर राई-१ गरी ३ जना मात्र भएकोमा सोम बहादुर राईको मिति २०६१/०७/१६ मा मृत्यु भईसकेको र निजको हकखाने निजको एकमात्र पत्नि काली माया राईको पनि मिति २०५३/०२/१२ मा मृत्यु भईसकेको र निजहरुको हकखाने हकदार एक मात्र छोरा मेघराज राई मात्र भएकोले अब उपरान्त जग्गावाला नरमान सिं राईको हकखाने हकदारहरुमा छोराहरु विर बहादुर राई र पंचराम राई तथा नाती मेघराज राई मात्र भएकोले नाती तथा निवेदकको भतिजो मेघराज राईको मंजुरीले हामी निवेदक विर बहादुर राई र पंचराम राईको नाममा संयुक्त नामसारी गरी पाउँ भनि बागमती गाउँपालिका ८ नम्बर वडा कार्यालयको च.नं. ८०८ मिति २०८२/०२/३० को हकभोग तथा हकदार समेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, फापरबारी गाविसको च.नं. २४७ मिति २०७०/०९/२३ को नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं.१४१ मिति २०८२/०३/०२ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: उल्लेखित तपशिलका जग्गा निवेदकहरुको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदार भए वा निवेदकहरु तथा मंजुरी दिने बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | नरमान सिंह राई गा.पं. फापरबारी वडा नं. ६ बाबु-सन्तवीर बाजे-बाटूले | फापरबारी | ६ | ७३३ | ०-२-६ | विर बहादुर राई र पंचराम राई | जि.म. फापरबारी बागदाही मौजेको ४५ नं. रैति नरमान सिं राई |

*ईति संवत २०८२ साल असार महिनाको २२ गते रोज १ शुभम्..................।*


रसुवा बाढीको प्रभाव:

# बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी छोट्याइयो



साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ धुलिखेलमा बसेको वागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी-२०८२ निर्धारित तालिकाअनुसार पूर्णरुपमा सम्पन्न हुन सकेन ।

रसुवाको टिमुरे, चिलिमे, स्याब्रुबेशी क्षेत्रमा गएको भीषण बाढीमा १८ जना बेपत्ता भएसँग गृह मन्त्रालय र सुरक्षा निकायले बैठक छोट्याउने निर्णय गरेको हो । बाढीमा केही सुरक्षाकर्मी बेपत्ता भएका छन् । गोष्ठीको उद्घाटन सत्र वागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछानेले गरे । कार्यक्रममा मन्त्री लामिछानेले लागूऔषध न्यूनीकरण, बागमती प्रदेश सरकारको आगामी कार्ययोजनाका बारेमा धारणा तथा मन्त्रालयको आगामी रणनीतिको बारेमा जानकारी गराएका थिए ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीनै तहका सरकार एकजुट भएर लाग्नुपर्ने उनले बताए । मन्त्री लामिछानेले प्रदेश सरकारले हालसम्म ७२ प्रहरी भवन निर्माण गरेको जानकारी दिँदै प्रहरी दरबन्दी व्यवस्थापन र थप गर्न नेपाल सरकारसँग पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । जिल्ला सुरक्षा समितिलाई शान्तिसुरक्षा कायम गर्न र विपद्मा संवेदनशील भई सहकार्य गर्न निर्देशन दिएका छन् । सुरक्षा गोष्ठीमा गृहमन्त्री रामेश लेखक, वागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ), सुरक्षा निकायका केन्द्रीय प्रमुखहरु, विपद् जोखिम न्युनीकरण प्राधिकरणका कार्यकारी प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी, नेपाली सेना, प्रदेश प्रहरी, १३ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुख, तथा गृह मन्त्रालयअन्तर्गतका विभिन्न शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो ।

बैठकमा आयोजना गर्न लागिएको अन्तर जिल्ला समन्वय सत्र र अन्य प्रस्तुती स्थगन गरिएको भएपनि पूर्वनिर्धारित सुरक्षा ब्रिफिङ सत्र भने सञ्चालन गरियो । ब्रिफिङमा प्रदेशस्तरीय सुरक्षाका रणनीति, विपद् व्यवस्थापन, आपतकालीन तयारी, जिल्लास्तरीय समन्वय र सूचनाको प्रवाहबारे छलफल गरिएको थियो । बैठकमा सहभागी अधिकांश सुरक्षा अधिकारी र प्रशासनिक पदाधिकारीले रसुवाको अवस्था तत्काल हेर्नुपर्ने आवश्यकता औंल्याउँदै कार्यक्रम छोट्याउने निर्णयलाई समर्थन गरे । बाढीको तत्कालीन स्थिति, मानवीय क्षति, बेपत्ता सुरक्षाकर्मीको अवस्थासहित गृह मन्त्रालयले प्रमुख विषयवस्तुलाई तत्काल समन्वय गरी निष्कर्ष निकालेको बताइएको छ ।

# सुनचाँदी व्यवसायीद्वारा बुद्धचोकमा प्लेकार्ड प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ मकवानपुरका सुनचाँदी व्यवसायीको आन्दोलन जारी रहेको छ । आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत् सुनचाँदी व्यवसायमा थपेको करको विरोधमा सुनचाँदी व्यवसायी देशव्यापी आन्दोलनमा उत्रिएका हुन् ।




मकवानपुरका व्यवसायीले हेटौंडा बजारको मुख्यचोक, बुद्धचोकमा मागसहित प्लेकार्डमार्फत् प्रदर्शन गरी शान्तिपूर्ण ढंगले आन्दोलन गरेका छन् । आगामी बजेटमा सुनका गहनामा ६.१२ प्रतिशत र हीरा तथा बहुमूल्य रत्न जडित गहनामा १३ प्रतिशत कर थप गरिएको छ । सुनचाँदी व्यवसायी संघ मकवानपुरका महासचिव राजकुमार रसाइलीले सरकारको निर्णय मुलुकी देवानी संहिता २०७४ को धारा २५६ विपरीत रहेको बताए । यसले आम उपभोक्तामाथि आर्थिक भार थपेको उनको भनाई छ ।

'सरकारको करवृद्धिले कानुनी मर्यादा विपरीत व्यापारलाई धक्का दिने मात्र नभई सर्वसाधारण उपभोक्तामा अनावश्यक बोझ थुपारेको छ' रसाईलीले भने । महासचिव र साइलीले उच्चधनाढ्य र तस्कर हरुको कारण नेपाल 'ग्रे लिस्ट' मा परेको अवस्थामा सरकारले उनीहरुलाई नियन्त्रण गर्न नसकि उल्टै व्यवसायी र उपभोक्तालाई समस्यामा पारेको बताए । संघले गत असार २२ देखि २७ गतेसम्मका लागि चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको थियों । संघले आइतबार जिल्ला प्रशासन कार्यालयमा सांकेतिक प्रर्दशनबाट आन्दोलनको सुरु गरेको हो ।

सोमबार व्यवसायीले आन्तरिक कार्यालय हेटौंडा परिसरमा धर्ना दिएका छन् । व्यवसायीले मंगलबार हेटौंडा बजारक्षेत्रका मुख्यस्थानमा जिंगल बजाउदै विरोध र्‍याली निकालेका थिए । बुधबार मोटरसाइकल र्‍याली निकाली बजारको विभिन्न स्थान परिक्रमा गरी कोणसभा गर्ने र आन्दोलनको समापनमा विहिबार र शुक्रबार काठमाडौंमा आयोजना हुने राष्ट्रियस्तरको खबर दारीसभामा भाग लिने कार्यक्रम रहेको संघका महासचीव रसाइलीले बताए ।

व्यवसायीले यसअघि पनि आन्दोलन गर्दै गत असार १२ मा सम्पूर्ण व्यवसाय बन्द गरेका थिए । मकवानपुर जिल्लामा दर्ता भई सञ्चालनमा रहेका कुल १ सय ७२ सुनचाँदी पसल छन् ।


## गोलिया काठको बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना !

*पुन: पटक प्रकाशित मिति २०८२/३/२५ गते*

यस सामुदायिक वन क्षेत्रमा रहेका रुखहरु कटान मुछान गरी उत्पादन भएको खयर प्रजातिका २९५.७८ क्यु.फि. (पलाँस सहित) गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पार्टीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**खैरेनीवेशी सामुदायिक वन उपभोक्ता समूह**
बागमती गा.पा. ०४, ललितपुर



## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०३/२४ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा.को
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- सिताराम बसेल र तुल बहादुर बसेल (नातीहरु)* *जग्गावाला-मुसी दुलाल (हजुरआमा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ७ को तपशिल बमोजिमका जग्गाहरुको साविक भोग लागत४६ नं. मौजा गोठ दमार को रैति नं. २७ को जग्गाधनि हाम्री मावली हजुरआमा मुसि दुलालनी सर्कीनिको नाममा कायम रहेको र हाल सर्वे नाप नक्सा समेत मुसि दुलालको नाममा भई दर्ता गर्न छुट भएकोमा निज हाम्री मावली हजुरआमा मुसि दुलालको २०३५ सालमा मृत्यु भईसकेको र निजको हकखाने एक मात्र पति तिखे दुलालको पनि २०३४ साल तिरै मृत्यु भईसकेकोमा निजहरुको हक खाने कुनै पनि छोराहरुको जायजन्म नभएको र एकमात्र छोरी पोडेनी बसेलको जायजन्म भई निजको विवाह राजकुमार बसेलसँग भएकोमा निजहरुको पनि क्रमश: मिति २०५०/११/०५ र मिति २०६३/०९/०६/मा मृत्यु भईसकेकोले निजहरुको हकमा हकखाने २ छोरीहरु भएकोमा विवाहदान भई पर घर गइसकेको र २ छोराहरु तुल बहादुर बसेल र सिताराम बसेल मात्र भएकोले उल्लेखित जग्गाहरु हाम्री हजुरआमा, आमा र बुवाहरु मृत्यु अगाडि निजहरुले र निजहरुको मृत्यु पश्चात निरन्तर रुपमा हामी हकदार तथा निवेदकहरुले नै गर्दै आएकोले उल्लेखित जग्गा हामी निवेदकहरु तुल बहादुर बसेल र सिताराम बसेलको नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. ३५३४ मिति २०८२/०१/१० को हकभोग तथा हकदार समेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु प्रमाणित सिफारिस तथा मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रहरु, च.नं. ३१५० मिति २०८१/१२/२७ को जग्गावालाको नाम मुसि दुलाल र मुसि सर्कीनि फरक-फरक नाम भएको व्यक्ति फरक नभई एकै व्यक्ति जग्गावाला मुसि दुलाल नै भएको किटानी सिफारिस पत्र, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं. १२६ मिति २०८२/०१/२५ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित् तपशिलका जग्गा निवेदकहरुको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथ निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | मुसी दुलाल पं. हटिया वडा नं. ७ बाबु-जागा डाडा बाजे-..... | हटिया | ७ | ६६९ | ०-४-१६.५ | तुल बहादुर बसेल र सिताराम बसेल | जि.म. हटिया ४६ नं. मौजा गोठ दमार २७ रं. रैति मुसि दुलालनी सार्कीनी |

*ईति संवत २०८२ साल असार महिनाको २४ गते रोज ३ शुभम्..................।*



## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०३/२४ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा.को
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- कृष्ण मंग्राती (छोरा)* *जग्गावाला-राम बहादुर मंग्राती (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ७ को मेरो बुवा राम बहादुर मंग्रातीको नाममा नाप नक्सा भई सार्विक फिल्डबुक कायम भएको कि.नं. १००८ को क्षेत्रफल ज. वि. ०-१४-१६.५ जग्गाको फोर्ड भई बाँकी कायम कि.नं. १८६० को क्षेत्रफल ज.वि. ०-९-१६.५ जग्गाको साविक भोग लगत बड्कुले मौजाको रै.नं. २६ का जग्गाधनि राम बहादुर मंग्राती रही दर्ता गर्न छुट भएकोमा निज मेरो बुवा राम बहादुर मंग्रातीको मिति २०७३/०१/०५ मा मृत्यु भएको र निजको हकखाने एक मात्र पत्नि भुमि मंग्रातीको पनि मिति २०४८/०२/०७ मा मृत्यु भईसकेको र निजहरुको शेषपछी हकखाने निजहरुबाट जायजन्म भएका २ छोरीहरु र १ छोरा भएकोमा २ छोरीहरुको विवाहदान भईसकेकोले अब उपरान्त हकखाने एक मात्र छोरा म निवेदक कृष्ण मंग्राती मात्र भएकोले एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. ५०५७ मिति २०८१/०२/०८ को हकभोग तथा हकदार समेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रहरु, च.नं. ४६३७ मिति २०८१/०१/२७ को जग्गावाला राम बहादुर मंग्रातीको बुवा फिल्डबुकमा डम्बर र नागरिकतामा अचे मंग्राती फरक-फरक नाम भएको व्यक्ति फरक नभई एकै व्यक्ति जग्गावालको बुवा अचे मंग्रती नै भएको किटानी सिफारिस पत्र, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं. ०९९ मिति २०८१/१०/१० मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता, गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | राम बहादुर मंग्राती गा.पं. हटिया वडा नं. ७ बाबु-डम्बा बाजे-बाटूले | हटिया | ७ | १००८ को फोर्ड कि. नं. १८६० | ०-९-१६.६ | कृष्ण मंग्राती | जि.म. हटिया बड्कुले मौजेको २६ नं. रैति राम बहादुर मंग्राती |

*ईति संवत २०८२ साल असार महिनाको २४ गते रोज ३ शुभम्..................।*


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना